# गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (DNFBPs) हरुको सहभागितामा एक दिने कार्यशाला गोष्ठी सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०८१ मंसिर २७ गते काठमाडौमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (Designated Non-Financial Business and Professions-DNFBPs) हरुको सहभागितामा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भयो ।




उक्त कार्यक्रममा नियामक निकायहरु संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, आन्तरिक राजश्व विभाग, भूमी व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानून व्यवसायी परिषद् तथा सम्बन्धित एशोसियसनहरु नेपाल क्यासिनो एशोसियसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एशोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एशोसियसन, नेपाल बार एशोसियसनका साथै क्यासिनो व्यवसायीहरु, सुनचाँदी व्यवसायीहरु, मालपोत कार्यालयहरु, नोटरी पब्लिक व्यवसायीहरु, लेखापरीक्षण व्यवसायीहरु तथा कानुन व्यवसायीहरु गरी ६० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमका अतिथि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, पर्यटन विभागका महानिर्देशक डा.नारायण प्रसाद रेग्मीले गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुले कानून सम्मत तरिकाबाट काम गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि प्रभावकारी रुपमा काम गर्न आग्रह गर्नुभयो । साथै उहाँले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा सबै क्षेत्रहरु उत्तिकै क्रियाशील हुन जरुरी रहेको विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमका अतिथि आन्तरिक राजश्व विभागका उप-महानिर्देशक कविता रेग्मीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा विभागले वार्षिक कार्ययोजना बनाई अनुगमन र अनुसन्धानको कार्य प्रारम्भ गरेको जानकारी दिँदै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२ - २०८५/८६) मा भएका व्यवस्था क्रमशः लागू गर्दै गइरहेको जानकारी दिनुभयो ।

कार्यक्रमका अतिथि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का प्राविधिक निर्देशक किरण कुमार खत्रीले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को पछिल्लो संशोधन (२०८०) ले तोकिएको कार्य गर्ने एकाउन्टेन्टहरुलाई समेत गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुको रुपमा समेटेको जानकारी गराउँदै आफ्ना ग्राहकहरुको प्रोफाइल एवं जोखिमको आधारमा कारोवारको रिपोर्टिङ्ग वित्तीय जानकारी इकाईमा गर्न आवश्यक रहेको जानकारी गराउनुभयो । उहाँले ICAN ले गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुसँग सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यहरु नियमित रुपमा गर्दै आइरहेको र थप कार्यक्रमको लागि प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा सूचक संस्थाहरु, नियमनकारी निकायहरु तथा अनुसन्धानकारी निकायहरु वीच समन्वयको अपरिहार्यता उल्लेख गर्दै सम्पत्ति शुद्धीकरण निवारणका लागि गैर-वित्तीय व्यवसायी तथा पेशाकर्मीहरुलाई goAML मा आवद्ध भई कारोवार विवरणहरु वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरि कुमार नेपालले "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणमा DNFBPs हरुको भूमिका, नियमन तथा सुपरिवेक्षण व्यवस्था र पारस्परिक मूल्याङ्कनमा उक्त क्षेत्रमा औंल्याइएका सुझावहरु" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले राख्नुभएका जिज्ञासाहरुलाई अतिथिहरु, कार्यपत्र प्रस्तोता निर्देशक डा. हरि कुमार नेपाल तथा इकाई प्रमुख वासुदेव भट्टराईले सम्बोधन गर्नुभएको थियो । इकाईका उप-निर्देशक विष्णु प्रसाद गुरागाँईले कार्यक्रममा उपस्थित हुनु भएका सहभागीहरुलाई स्वागत मन्तव्य सहित कार्यक्रमको औचित्यता माथि प्रकाश पार्नु भएको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।